# स्थानीय राजपत्र

मायादेवी गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ९ | संख्याः ११ | २०८२ चैत्र १८ गते |
|---|---|---|

# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१२/११**

**प्रमाणिकरण मितिः२०८२/१२/१७**

प्रस्तावनाः

सहकारी संस्थाहरुको अनुगमन तथा निरिक्षण गरी सुशासन एवं स्वनियमन प्रवद्र्धन गर्नका लागि मायादेवी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मायादेवी गाउँपालिकाको कार्यपालिकाद्धारा यो सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि २०८२ जारी गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिकाको नामः **"सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि, २०८२"** रहनेछ ।

ख) यो कार्यविधि मायादेवी गाउँपालिकाको कार्यपालिकाद्धारा स्विकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) **"ऐन"** भन्नाले मायादेवी गाउँपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) **"नियमावली"** भन्नाले मायादेवी गाउँपालिकाको सहकारी नियमावली २०७८ सम्झनु पर्दछ ।

ग) **"संघीय सहकारी कानून"** भन्नाले सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ सम्झनु पर्दछ ।

घ) **"मन्त्रालय"** भन्नाले संघीय भूमी व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सम्झनु पर्दछ ।र सो शव्दले लुम्विनी प्रदेश कृषि,भूमी व्यवस्था तथा सहकारी मन्त्रालयलाई समेत वुझाउँदछ।

ङ) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनुपर्दछ ।

च) **"संस्था"** भन्नाले गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६ बमोजिम दर्ता भएका प्रारम्भिक सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ ।

छ) **"दर्ता गर्ने अधिकारी भन्नाले"** भन्नाले गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६९ बमोजिम तोकिएको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ज) **"निर्देशिका"** भन्नाले मायादेवी गाउँपालिकाको सहकारी संस्था निरिक्षण तथा अनुगमन निर्देशिका, २०८२ लाई सम्झनु पर्दछ ।

झ) **"समिति"** भन्नाले सहकारी संस्थाहरूको सञ्चालक समिति सम्झनु पर्छ ।

ञ) **"लेखा सुपरिवेक्षण समिति"** भन्नाले सहकारी संस्थाहरूको लेखा सुपरीवेक्षण समिति सम्झनु पर्दछ।

ट) **"सञ्चालक"** भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सञ्चालक समितिका अध्यक्ष र अन्य पदाधिकारीलाई समेत जनाउँछ ।

ठ) **"विनियम"** भन्नाले सहकारी संस्थाहरूको स्वीकृत विनियम सम्झनु पर्दछ ।

ड) **"स्थानीय तह"** भन्नाले महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

ढ) **"निरीक्षण"** भन्नाले अधिकार प्राप्त अधिकारीले सहकारी संस्था वा कर्मचारीबाट तोकिए बमोजिमका कामहरु गरेको छ छैन भनी हेर्ने कार्यलाई सम्झनुपर्छ ।

ण) **"तरलता"** भन्नाले सहकारी संस्थाको बैंक तथा नगद मौज्दातलाई सम्झनुपर्छ ।

त) **"जोखिम कोष"** भन्नाले सहकारी ऐन, नियमावली र सहकारी संस्थाहरूको विनियममा व्यवस्था भए वमोजिमको जोखिम कोष सम्झनु पर्दछ ।

थ) **"निरिक्षण तथा अनुगमन"** भन्नाले सहकारी मूल्य मान्यता, सिद्धान्त, ऐन नियम विनियम तथा कार्यविधि अनुसार कार्य सम्पादन भए नभएको हेर्ने कार्यलाई सम्झनु पर्दछ ।

द) **"निर्देशन"** भन्नाले गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ६९ को अनुसार दर्ता गर्ने अधिकारी वा निजवाट अधिकार प्राप्त व्यक्ति, वा नेपाल राष्ट्र वैंकले दिएको निर्देशन सम्झनु पर्दछ। र सो शव्दले सहकारी नियमावलीको नियम ४१ को खण्ड (घ,ङ र ञ) अनुसार अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन समेत सम्झनु पर्दछ ।

ध) **"स्थानीय नियामक निकाय"** भन्नाले गाउँपालिका अन्तरगतको कार्यालय सम्झनु पर्दछ ।

न) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले गाउँपालिकाको कार्यालय प्रमुख भइ कामकाज गर्न तोकीएको व्यक्ति सम्झनु पर्दछ ।

ऩ) **"प्राधिकरण"** भन्नाले संघिय सहकारी ऐन बमोजीम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्दछ ।

प) **"संघ"** भन्नाले जिल्ला, प्रदेश तथा केन्दीय विषयगत सहकारी संघ,जिल्ला तथा प्रदेश सहकारी संघ र राष्ट्रिय सहकारी महासंघलाई सम्झनु पर्दछ ।

फ) **"वित्तिय संस्था"** भन्नाले बचत तथा ऋणको कारोवार गर्ने विषयगत एवं बहुउद्देस्यीय सहकारी संस्थालाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** सहकारी संस्थाहरुमा विद्यमान ऐन नियमहरुको अनुपालना गर्न प्रोत्साहन गरी सुशासन कायम गर्नु यस कार्यविधिको मूख्य उद्देस्य रहेको छ । कार्यविधिका अन्य उद्देस्यहरु देहाए अनुसार छन्।

क) सहकारी संस्थामा नियम, विनियम, कार्यविधि अनुसार कार्य सञ्चालन गर्न प्रोत्साहन गर्दै सुशासन प्रवद्र्धन गर्ने गराउने ।

ख) सहकारी संस्थाहरुलाई पृष्ठपोषण प्रदान गरी संस्थागत क्षमता बृद्धि गर्ने ।

ग) सहकारी संस्थाको निरिक्षण र अनुगमन कार्यलाई व्यवस्थित गरी नियामकीय भूमिकालाई प्रभावकारी वनाउने ।

## परिच्छेद– २
## निरीक्षण तथा अनुगमनका आधार

**४. निरीक्षण तथा अनुगमन गर्नु पर्नेः** गाउँपालीकाले आफ्नो कार्यक्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको वार्षिक रुपमा निरीक्षण तथा अनुगमन गर्दा अनुसूचि १ अनुसारको फाराममा तथ्यांक संकलन गर्नु पर्नेछ ।

**५. निरीक्षण तथा अनुगमनका आधारः** १) गाउँपालीकाले निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिमका कानूनी, नीतिगत र संस्थागत कागजातहरुको आधार लिनु पर्नेछः

क) सहकारीका मूल्य मान्यता र सिद्धान्तहरू ।

ख) सहकारी ऐन, नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधि एवं आर्थिक ऐन, नियमहरु, ।

ग) संवन्धित संस्थाका विनियम, कार्यविधि, निर्देशिका, नीति, निर्णयहरु

घ) सम्बन्धित सहकारी संस्था लेखा तथा सुपरिवेक्षण समितिका प्रतिवेदनहरू

ङ) सम्वन्धित संस्थाको लेखापरीक्षण प्रतिवेदन ।

च) सम्वन्धित संस्थाको वार्षिक प्रगति प्रतिवेदन ।

छ) सम्वन्धित संस्थाको बार्षिक कार्यक्रम तथा बजेट ।

ज) सम्वन्धित संस्थाको बार्षिक साधारणसभाको निर्णय तथा प्रतिवेदन ।

झ) सम्वन्धित संस्थाको संचालक समिति तथा अन्य समिति/उपसमितिको निर्णय ।

ञ) नियामक निकाय तथा संघहरूबाट भएका पूर्व निरीक्षण अनुगमन प्रतिवेदन र सुझाव एवं कैफियतहरु ।

ट) सम्बन्धित संस्थाको लेखा सम्बन्धी कागजातहरू ।

२) उपदफा (१) मा उल्लेखित निरीक्षण तथा अनुगमनका आधारहरुको साथै अन्य आधार र सूचकहरु संघीय मन्त्रालय,संघीय सहकारी विभाग, प्राधिकरण, प्रदेश मन्त्रालय,सम्वन्धित प्रादेशिक सहकारी निकायका निर्देशन तथा मार्गदर्शन र गाउँपालिकावाट तोके बमोजिम हुनेछ ।

३) उल्लेखित दफा ३ अनुसार निरीक्षण तथा अनुगमन गरिएका संस्थाहरुको वार्षिक विवरण अनुसूचि-२ अनुसार कम्पायल गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## निरीक्षण तथा अनुगमनका विधि तथा किसिम

**६. निरीक्षण अनुगमन विधिः** गाउँपालिकावाट सहकारी संस्थाहरुको निरीक्षण अनुगमन गर्दा देहायका विधिहरुको अवलम्बन गरिनेछः

क) **गैरस्थलगत निरीक्षण अनुगमन विधिः** संवन्धित संस्थाको स्थिति विवरण, आयब्यय विवरण, नाफा नोक्सान विवरण, बहीखाताहरु (आम्दानी, खर्च, सम्पति र दायित्व), सहायक खाताहरु, सञ्चालक तथा लेखा समिति, ऋण उपसमिति लगायत अन्य विभिन्न उपसमिति र साधारणसभाको निर्णय पुस्तिका, वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, नियमनकारी निकाय वा संघ महासंघवाट गरिएका पूर्व अनुगमन निरीक्षण प्रतिवेदन समेतका कागजातहरु माग गरी गैरस्थलगत अर्थात अभिलेखगत निरीक्षण अनुगमन गरी सुझाव र निर्देशन दिने ।

ख) **स्थलगत निरीक्षण अनुगमन विधिः** सम्वन्धित संस्थाको कार्यालय, प्रशोधन केन्द्र, सेवा केन्द्र, कारखाना तथा फार्म लगायतको स्थलगत अवलोकन गरी भौतिक सम्पत्ति, सरसामान, औजार तथा यन्त्र, कारखाना घर तथा गोदाम, ढुकुटी, सवारी साधन लगायत बहीखाताहरु (आम्दानी, खर्च, सम्पति

र दायित्व), सहायक खाताहरु, निर्णय पुस्तिका, कर्मचारीको विवरण, कारोवारको अवस्था आदि प्रत्यक्षरुपमा हेर्न, जांच गर्न र तुलना गरी रायसुझाव तथा पृष्ठपोषण तथा निर्देशन दिने ।

ग) विशेष निरीक्षण अनुगमनः सहकारी संघ/संस्थाहरुवीच विवाद भई मध्यस्थता गर्नुपर्ने अवस्था भएमा वा कुनै खास विषयबस्तुको अध्ययन अनुसन्धान गर्नुपर्ने भएमा संघ, प्रदेश तथा राष्ट्र वैंकवाट विशेष निरीक्षण अनुगमन गरी प्रतिवेदन दिने ।

**७. निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, २०७४ को दफा ४२ र ४३ एवं देहाए अनुसार गर्नु पर्नेछ।**

क) संस्थाको नामनामेसी विवरण, सहकारी ऐन, नियमावली र विनियम पालनाको अवस्था, सदस्यहरुले प्राप्त गरेको सेवासुविधा,सदस्य सहभागिताको स्तर, संस्थाको कोष परिचालन तथा वित्तीय अवस्था लगायतका विषयहरु समावेश गरी प्रतिवेदन तयार गर्नु पर्ने छ ।

ख) निरीक्षण तथा अनुगमनका क्रममा देखीएका त्रुटी, कमी कमजोरीहरु सच्चाउन गाउँपालिका कार्यालयले सम्वन्धित संस्थालाई सुझाव र निर्देशन दिने छ ।

ग) निरीक्षण अनुगमन पश्चात दिएको सुझाव र निर्देशन पालना नभएमा सो निर्देशन पालना गर्नको लागि पत्रको मितिले १५ दिन भित्रमा लिखित जवाफ दिन मौका दिइने छ । सो अवधि भित्रमा कुनै किसिमको जवाफ नआएमा दर्ता गर्ने अधिकारीले प्रमुख प्रशासकिय अधिकृत समक्ष सहकारी ऐनको दफा ७९ बमोजिमका कसुरको मात्रा हेरी दफा ८० कारवाहीको लागि सिफारिश गर्न सक्नेछ ।

घ) गाउँपालिकाले आवश्यकतानुसार नेपाल राष्ट्र वैंक, संघ वा प्रादेशिक नियमनकारी निकाय वा संघहरुसँग समन्वय गरी संयुक्त रूपमा समेत अनुगमन तथा निरिक्षण गर्न सक्ने छ ।

## परिच्छेद -४
## पूंजी तथा दायित्व र सम्पत्तिको निरीक्षण अनुगमन

**८) पूंजी, दायित्व र सम्पत्तिको निरीक्षण अनुगमनः** संस्थाहरुको पूंजी, दायित्व तथा सम्पत्तिको निरीक्षण अनुगमन गर्दा देहाय बमोजिमका साधन श्रोतको निरिक्षण तथा जांच गरी सूचना संकलन गर्नुपर्दछ ।

**८.१) शेयर पूंजीः**

क) कूल चुक्ता शेयर पूँजीको २० प्रतिशत भन्दा बढी एक सदस्यलाई शेयरपूंजि वितरण गरे नगरेको ।

ख) वित्तीय कारोवार गर्ने संस्थाको हकमा कारोवारको आधारमा शेयर पूँजी भए /नभएको।

**८.२) बाहय ऋणः**

क) सदस्यको हित अनुकुल भए नभएको,

ख) वित्तीय कारोवार गर्ने संस्थाको हकमा कूल सम्पत्तिको ५ प्रतिशत भन्दा कम भए नभएको ।

ग) अन्य सहकारी संस्थाको हकमा वाह्य ऋणको उपयोग भए नभएको ।

**८.३) बचत /निक्षेप संकलनः**

क) वित्तिय कारोवार गर्ने सहकारी संस्थाको हकमा अनुसूचि ३ मा उल्लेखित पल्सको मापदण्ड अनुसार भए नभएको ।
ख) नियमित प्रकृतिको बचत भए नभएको ।
ग) वित्तीय कारोवार गर्ने संस्थाहरूको शेयरका आधारमा बचतको अनुपात ।

**८.४) जगेडा कोषः**

क) वचत तथा ऋण सहकारी संस्थाको हकमा पल्स अनुगमन प्रणाली अनुरूप जगेडा कोषमा रकम भए नभएको ।
ख) जगेडा कोषको रकमको बार्षिक बृद्धि दर ।

**८.५) संरक्षित पूंजि फिर्ता कोषः**

क) सहकारी ऐन एवं नियमावली अनुरुप संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई कारोबारको आधारमा फिर्ता गरे नगरेको,
ख) संरक्षित पूंजी फिर्ता कोषका लागि कार्यविधि वनाएको वा नवनाएको

**८.६) सहकारी प्रवद्र्धन कोषः**

क) सहकारी संस्थाहरुले आर्जन गरेको खुद बचतवाट सहकारी ऐन २०७४ बमोजिम जगेडाकोषमा रकम छुटट्याई बाकी रहेको रकमवाट ०.५ प्रतिशत सहकारी प्रवद्र्धन कोषमा छुट्याएको नछुटएको ।
ख) सहकारी प्रवद्र्धन कोषमा छुट्याएको रकम तोकीएको राजस्वखातामा जम्मा गरे नगरेको ।

**८.७) अन्य कोषहरुः**

क) शेयर लाभांश कोषको रकम सदस्यहरूलाई वितरण गरेको प्रतिशत (वढीमा १५ प्रतिशत)
ख) सहकारी शिक्षा कोषको रकम उद्देश्य अनुरुप खर्च गरिए नगरिएको
ग) कर्मचारी बोनस कोषको रकम विनियममा ब्यवस्था भए बमोजिम वितरण भए नभएको ।
घ) सहकारी विकास कोषको रकम विनियममा ब्यवस्था भए बमोजिम राखिएको नराखिएको
ङ) घाटा पूर्ति कोषको रकम  विनियममा ब्यवस्था भए बमोजिम भए नभएको
च) सामुदायिक विकास कोषको रकम उद्देश्य अनुरूप खर्च भए नभएको
छ) स्थिरीकरण कोषको रकम साधारण सभाले स्वीकृत गरे अनुसार भए नभएको

**९) सम्पत्तिको निरीक्षण अनुगमनः** सहकारी संस्थाको सम्पत्तिको निरिक्षण अनुगमन देहाए वमोजिम हुनेछ।
**९.१) स्थिर सम्पत्तिको निरीक्षण अनुगमनः** सहकारी संस्थाको स्थिर संपत्ति निरीक्षण अनुगमन गर्दा देहाय बमोजिम भए नभएको चेक जांच गर्नु पर्दछः

क) संस्थाको घर, जग्गा, मेशिन, औजार, सवारी साधन, उद्योग तथा कलकारखाना, फार्म, पशुपन्छी, कच्चा पदार्थ, प्रशोधित तथा अर्ध प्रशोधित सामान,फर्निचर समेत स्थिर सम्पत्तिको सदुपयोग भए नभएको र सो सामानहरूको अभिलेख अद्यावधिक रुपमा राखे नराखेको हेर्नु पर्दछ ।

ख) स्थिर सम्पत्तिको ह्रास कट्टी निर्धारित मापदण्ड बमोजिम गरिएको छ, छैन ।

ग) स्थिर सम्पत्तिको उचित मर्मत सम्भार भएको छ, छैन ।

घ) स्थिर सम्पत्तिको नियमित रुपमा स्थलगत भौतिक परीक्षणको काम भएको छ, छैन ।

ङ) स्थिर सम्पत्तिको खरिद गर्दा र खर्च गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृती लिएको र आवश्यक प्रकृया पुरा गरिएको छ, छैन ।

च) संस्थाको मालसामान तथा सम्पत्ति ब्यक्तिगत रुपमा प्रयोग गरिएको छ, छैन ।

छ) विना औचित्य र आवश्यकता सम्पत्ति खरिद गरिएको छ, छैन ।

ज) स्थिर सम्पत्तीको अनुपात वित्तीय विश्लेषण प्रणाली (पर्ल्स)अनुरूप त्तए नभएको ।

९.२) **चालु सम्पत्तिको निरीक्षण अनुगमनः** सहकारी संस्थाको चालु संपत्ति निरीक्षण अनुगमन गर्दा देहाय बमोजिम भए नभएको चेक जांच गर्नु पर्नेछः

९.२.१) **नगद हिसावः**

क) सहकारी संस्थाको नगद मौज्दात दैनिक कारोवारको लागि पर्याप्त छ, छैन र सु ुरक्षा ब्यवस्था भरपर्दो छ, छैन ।

ख) दैनिक कारोवारको लागि चाहिने भन्दा बढी रकम बैंकमा राखेको छ, छैन ।

ग) नगद मौज्दात रकम नगदी कितावसंग भिड्छ, भिड्दैन ।

घ) नगद राख्ने जिम्मेवारी कुनै कर्मचारीलाई तोकिएको छ, छैन । यदि तोकिएको भए उक्त नगद रकम सम्वन्धित ब्यक्तिको जिम्मामा छ, छैन ।

ङ) काउन्टर, भल्ट र मार्गस्थलको वीमा भए नभएको ।

९.२.२) **बैंक हिसावः**

क) संस्थाको नांममा कुन कुन बैंकमा के कति रकम मौज्दात रहेको छ ।

ख) संस्थाको वित्तीय विवरणमा देखाएको मौज्दात रकम र वैंक स्टेटमेण्टसंग आन्तरिक हिसावको मौज्दात रकम भिड्छ, भिड्दैन ।

ग) संस्थाले नियमित रुपमा बैक स्टेटमेन्ट लिने गरेको छ, छैन ।

घ) तरलता व्यवस्थापनका लागि आवश्यक रकम बैंकमा मौज्दात भए नभएको ।

९.२.३) **पेश्की हिसावः**

क) पेश्की रकम उद्धेस्यानसार लिए नलिएको

ख) पेश्की रकम समयमा फर्छ्यौट भए नभएको ।

९.२.४) **ऋण तथा अन्य**

क) ऋण कार्यविधि तर्जुमा गरी ऋणको शर्त र सिमा निर्धारण गरे नगरेको ।

ख) ऋण लगानी गर्दा पर्याप्त मात्रामा धितो जायजेथा जमानत लिए नलिएको ।

ग) ऋण लगानी गर्दा रितपूर्वकको कागजात र सम्झौंता गरे नगरेको ।

घ) ऋण स्वीकृति अधिकारवाला ब्यक्तिवाट भएको छ, छैन ।

ङ) ऋण लगानी गर्दा लिएको व्याजदर र सेवा शुल्कको अवस्था ।

च) तोकिएको रकमभन्दा बढी ऋण लगानी गर्दा संस्थागत धितो मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गरे नगरेको ।

छ) सम्बन्धित संस्थाका संचालक तथा कर्मचारीले लिएको ऋणको प्रतिशत ।

ज) ऋण लगानीमा समान व्याजदर र सेवा शुल्क रहे नरहेको ।

**९.२.५) ऋण लगानी पश्चात ऋण सदुपयोगको जानकारी लिन नियमित अनुगमन भएको छ, छैन।**

क) शर्त अनुसार सांवा ब्याज असुल उपर भए, नभएको र यदि नभएको भए ताकेता र आवश्यक कारवाही शुरु गरे नगरेको ।

ख) ब्याजदर र हर्जना सम्वन्धी स्पष्ट व्यवस्था छ, छैन ।

ग) पुरानो ऋण नतिर्ने ब्यक्तिलाई नया ऋण स्वीकृत गरिएको छ, छैन ।

घ) दुरुपयोग भएको, भाखा नाघेको र संकास्पद ऋण असुलउपर गर्न समयमा नै आवश्यक प्रकृया थालनी गरिएको छ, छैन ।

ङ) ऋणमा पाउनुपर्ने व्याजदर पूँजीकृत भए नभएको ।

**९.२.६) लगानी हिसावः**

क) आवद्ध माथिल्लो संघ वा सहकारी वैकमा गरेको लगानीको अवस्था ।

ख) परियोजनामा लगानी गर्दा अध्ययन एवं विश्लेषण भए नभएको ।

ग) प्रचलित ऐन नियम विपरित लगानी भए नभएको ।

## परिच्छेद-५
## स्रोत अभिलेख र हिसाव जांच

**१०). संस्थाको स्रोत ब्यवस्थापनः** सहकारी संस्थाको देहाए अनुसारको श्रोतको हिसाव राखे नराखेको हेर्नुपर्नेछ ।

- शेयर विक्रीवाट प्राप्त रकम
- बचतको रुपमा प्राप्त रकम
- ऋणको रुपमा प्राप्त रकम
- नेपाल सरकारवाट प्राप्त अनुदान रकम (संघ, प्रदेश र स्थानीय तह)
- विदेशी सरकार वा संघ/संस्थावाट प्राप्त अनुदान वा सहायता रकम (ब्यवसायिक कार्यवाट आर्जित रकम
- प्रवेश शुल्क वापत प्राप्त रकम

**११. कोष परिचालनको निरीक्षण तथा अनुगमनः** सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गर्दा कोष परिचालन सम्वन्धमा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

क) कोषको रकम संस्थाको नाममा खाता खोलि बैंकमा जम्मा भएको छ, छैन ।

ख) खाताको संचालन संचालक समितिले तोक वमोजिम संयुक्त दस्तखतमा संचालन भएको छ, छैन।

ग) कोषको रकम खर्च गर्दा आवश्यकता र औचित्यताको आधारमा विनियममा उल्लेखित काममा खर्च भएको छ, छैन ।

घ) संस्थामा प्राप्त सबै प्रकारका आम्दानी, अनुदान, सहायता र ऋण रकम कोषमा जम्मा भएको छ, छैन ।

ङ) रकम खर्च गर्दा नियमानुसार आवश्यक सबै प्रकृया पुरा गरी अधिकार प्राप्त अधिकारीको आदेशमा खर्च भएको छ, छैन ।

**१२. संस्थाको अभिलेख ब्यवस्थापनः** १) सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गर्दा प्रत्येक संस्थाले सहकारी नियमावली, २०७८ तथा सहकारी संस्थाको विनियम बमोजिम आफ्नो दैनिक कारोवार संचालनको शिलशिलामा देहाय बमोजिमका अभिलेख राखे नराखेको हेर्नु पर्नेछः

क) संस्थाको सदस्यता दर्ता किताव,

ख) साधारण सभा (प्रारम्भिक, बार्षिक र विशेष), संचालक समिति, लेखा तथा सुपरीवेक्षण समिति र उपसमितिहरुको छुट्टाछुट्टै कारवाही किताव,

ग) संस्थाको नगदी बही,

घ) संस्थाको कारोवार दर्ता किताव

ङ) संस्थाको शेयर दर्ता किताव

च) संस्थाको मालसामानको मौज्दात दर्ता किताव,

छ) संस्थाको ऋण लेनदेन दर्ता किताव,

ज) संस्थाको बेरुजू एवम् सम्परीक्षण खाता,

झ) आम्दानी, खर्च, सम्पति र दायित्वका अलग अलग खाता तथा सहायक खाताहरु,

ञ) हिसाव परीक्षण सूची, आयब्यय र स्थितिविवरण,

ट) नियामकीय निकायले तोकिदिएका अन्य अभिलेख तथा खाताहरु ।

२) पाँच करोड रुपैंयां भन्दा बढी जायजेथा भएका संस्थाले उपदफा (१) बमोजिमका अभिलेख तथा लेखा विभागले तोके बमोजिमको निर्धारक पुरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (सफ्टवेयर) मा समेत ब्यवस्थित भए नभएको हेर्नुपर्नेछ ।

३) संस्थाले आफ्नो संस्थागत र ब्यवसायिक कारोवारको विवरण विभागले तोकेको ब्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टी गरेको हेर्नुपर्नेछ ।

४) संस्थाले आधारभूत अभिलेख र कारोवारको हिसावकिताव पृष्ठ सुरक्षा (ब्यकअप) ब्यवस्था सहित संरक्षण गरेनगरेको हेर्नुपर्नेछ ।

**१३. संस्थाले उपलब्ध गराउनु पर्ने विवरणः**

१) सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, २०७४ को दफा ७४ बमोजिम सहकारी संस्थाले प्रत्येक बर्ष समाप्त भएको ३ महिना भित्र देहायका विवरण सहितको वार्षिक प्रतिवेदन रजिष्ट्रार वा दर्ता अधिकारी र आवद्ध माथिल्लो संघहरू समक्ष पेश गरेको छ, छैन हेर्नु पर्दछः

क) कारोवारको चौमासिक तथा बार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन ।

ख) बार्षिक नीति, योजना र कार्यक्रम ।
ग) खुद बचत संवन्धी नीति र योजना ।
घ) संचालकको नाम तथा बांकी कार्यावधि ।
ङ) साधारण सभाको वैठक सम्वन्धी जानकारी ।
च) शेयर सदस्य संख्या र शेयरपूंजि ।
छ) संचालक र सदस्यले लिएको ऋणको तिर्न बांकी रकम ।
ज) रजिष्ट्रार वा दर्ता अधिकारीले तोकिदिएका अन्य विवरणहरु ।

**१४. हिसाव जांच/लेखापरीक्षणः**

१) संस्थाको निरीक्षण तथा अनुगमन गर्दा कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित प्रचलित कानून अनुसारको लेखामान बमोजिम भए नभएको हेर्नु पर्दछ ।

२) संस्थाको लेखा तथा सुपरीवेक्षण समिति सक्रिय छ, छैन । लेखा तथा सुपरीवेक्षण समितिले चौमासिक र बार्षिक रुपमा संस्थाको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिने काम गरेको छ, छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर समिति र साधारण सभामा छलफल गर्ने काम भएको छ, छैन ।

३) दश करोड भन्दा वढि कारोवार गर्ने संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउन लेखासुपरिवेक्षण समितिका अलावा छुट्टै आन्तरिक लेखा परिक्षक नियुक्त गरी आन्तरिक लेखा परिक्षण गरे गराएको छ छैन ।

४) संस्थाको निरीक्षण तथा अनुगमन गर्दा कारोवारको लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकवाट गराएको छ, छैन ।

५) संस्थाको निरीक्षण तथा अनुगमन गर्दा लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण साधारण सभावाट भए नभएको हेर्नुको साथै एकजना ब्यक्ति लगातार ३ पटक भन्दा बढी लेखापरीक्षकमा नियुक्ति भएनभएको ।

६) संस्थाको संचालक, सदस्य र वेतनवाला सल्लाहकार तथा कर्मचारी, साहुको दामासाहीमा परेको ब्यक्ति, लेखापरीक्षणको कसुरमा सजांय पाई तीन बर्ष भुक्तान नगरेको ब्यक्ति, फौजदारी कसुरमा सजांय पाएको पांच बर्ष नभएको ब्यक्ति र सम्वन्धित सहकारी संस्थासंग स्वार्थ बांझिएको ब्यक्ति लेखापरीक्षकमा नियुक्त हुन नसक्ने कानूनी ब्यवस्थाको पालना भए नभएको हेर्नु पर्दछ ।

७) निरिक्षण अनुगमनकर्ताले लेखापरिक्षकले लेखापरिक्षणको क्रममा नियमितता, मितब्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत विचारगरी देहाय बमोजिमका विषयको चेक जांच र परीक्षण गरेनगरेको हेर्नु पर्दछः

क) संस्थाले खर्च गर्दा साधारण सभाले स्वीकृत बजेट सिमाभित्र रही खर्च गरेको छ, छैन ।
ख) संस्थाले प्रचलित ऐन कानून र आफ्नो विनियममा ब्यवस्था भए अनुसार आर्थिक कारोवार संचालन गरेको छ, छैन ।
ग) संस्थामा आम्दानी र खर्चको यथेष्ठ प्रमाण छ, छैन ।

घ) संस्थाले तोकिएको ढाचामा लेखा राखेको र आर्थिक कारोवारको यथार्थ र पारदर्शी तरिकाले चित्रण गरेको छ, छैन ।

ङ) सम्पतिको लगत दुरुस्त र अध्यावधिक राखेको र संरक्षणको प्रयाप्त ब्यवस्था भएको छ, छैन।

च) नगदी, जिन्सी र अन्य सम्पति समेतको हानीनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक निरीक्षण र आन्तरिक लेखापरीक्षणको ब्यवस्था गरेको छ, छैन।

छ) ऋण, जमानत र बचत निक्षेपको लेखा यथार्थपरक छ, छैन ।

ज) आम्दानी, खर्च र विनियममा ब्यवस्था भए बमोजिमका कोषहरुको लेखा ठीक छ, छैन । कोष राख्ने र वितरण गर्ने सम्वन्धमा नियम बनेको छ, छैन । यदि नियम बनेको भए नियमको पालना भएको छ, छैन ।

झ) संस्थामा उपलब्ध साधन श्रोत र सम्पतिको समुचित उपयोग भएको छ, छैन र त्यसको संभारमा ध्यान पुऱ्याएको छ, छैन ।

ञ) ब्यवसायिक कारोवारको आम्दानी, खर्च, जिन्सी तथा नगद मौज्दात र अन्य आर्थिक कारोवार संवन्धी नियमहरु प्रयाप्त छन्, छैनन र भएमा त्यसको पालना भएको छ, छैन ।

ट) लागत खर्चको सीमाभित्र रही कार्यक्रम संचालन भई लक्ष्य अनुसार प्रगति भएको छ, छैन । लागतको तुलनामा प्रतिफल मनासिव छ, छैन । कामको गुणस्तर सन्तोषजनक छ, छैन।

८) निरिक्षण अनुगमनकर्ताले निरिक्षण अनुगमन गर्दा देहाय बमोजिमका चेकलिष्ट अनुसारका कागजातहरु मागर्नुपर्दछ ।

निरीक्षण तथा अनुगमनकर्ताले संम्वन्धित संस्थावाट माग गर्नु पर्ने कागजाजहरुको चेकलिष्ट

क) विनियम, मूख्य मूख्य कार्यविधि तथा निर्देशिकाहरु ।

ख) लेखा तथा सुपरिवेक्षण समितिका पछिल्ला प्रतिवेदनहरू

ग) पछिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदन र प्रतिवेदन अवधिसम्मको प्रगति विवरण ।

घ) पछिल्लो साधारण सभाको वार्षिक प्रगति प्रतिवेदन ।

ङ) बार्षिक कार्यक्रम तथा बजेट ।

च) गाउँपालिका कार्यालय लगायतका नियमनकारी र संघहरूवाट अनुगमन नियमनका क्रममा दिइएका प्रतिवेदन र सुझाव एवं निर्देशनहरु ।

छ) पछिल्लो बार्षिक साधारणसभाको निर्णयको प्रतिलिपी ।

ज) संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति तथा अन्य उपसमितिको विवरण निर्णयहरु र सञ्चालक समितिको वाँकी कार्यकाल ।

झ) लेखा सम्बन्धी मूख्य खाता र सहायक खाताहरु ।

ञ) मूख्य व्यवस्थापक/कर्मचारीको नियूक्ति प्रक्रिया, वढुवा, योग्यताका विवरणहरु

ट) सदस्यहरुको शेयरपूँजी विवरण, संस्थाको बाहय ऋण विवरण बचत÷निक्षेपका प्रकार र सोको विवरण, ऋण लगानी विवरण

ठ) बैंक मौज्दात विवरण

ड) पेश्की रकमको विवरण ।

## परिच्छेद-६
## सहकारी मूल्य मान्यता र सिद्धान्त

**१५. सहकारी मूल्यको अभ्यासः** सहकारी संस्थाको अनुगमन तथा निरिक्षण गर्दा देहाएका आधार मूल्यहरू र नैतिक मूल्यहरू पालना भए नभएको हेर्नुपर्नेछ । सोको सूचकहरु छुटटै अनुसूची वनाई हेरीने छ ।

क) आधार मूल्यहरुः

- समानता
- समन्याय
- प्रजातन्त्र
- स्वावलम्बन
- स्वउत्तरदायित्व
- ऐक्यबद्धता

ख) नैतिक मूल्यहरुः

- इमानदारिता
- खुलापन
- सामाजिक उत्तरदायित्व
- अरुको हेरचाह

**१६. सहकारी सिद्धान्तको पालनाः** निरीक्षण तथा अनुगमन गर्दा संघ/संस्थाहरुले देहाय बमोजिम सहकारिताका प्रचलित सात सिद्धान्तहरुको पालना गरे नगरेको जांच गर्नु पर्दछः

- पहिलो सिद्धान्तः स्वेच्छिक तथा खुला सदस्यता
- दोश्रो सिद्धान्तः सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण
- तेश्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता
- चौंथो सिद्धान्तः स्वायत्तता र स्वतन्त्रता
- पांचौं सिद्धान्तः शिक्षा, तालीम र सूचना
- छैटौं सिद्धान्तः सहकारीहरू वीच सहयोग
- सातौं सिद्धान्तः समुदाय प्रतिको चाँसो

## परिच्छेद-७
## संस्थाको विनियम र आन्तरिक कार्यसंचालन

**१७. संस्थाको उद्देश्यः**

१) सहकारी ऐन, २०७४ को दफा ९ बमोजिम कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय समृद्धि हासिल गर्नु संस्थाको मुख्य उद्धेश्य हुने कुरा उल्लेख छ । निरीक्षण तथा अनुगमन गर्दा ऐनले तोकेको उद्धेश्य तर्फ संस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

२) उपदफा (१) बमोजिमका उद्देश्य प्राप्तीको लागि संस्थाको आफ्नो विनियममा विशिष्टीकृत उद्देश्यहरुको व्यवस्था गरिएको हुन्छ । निरीक्षण तथा अनुगमन गर्दा विनियमले तोकेको विशिष्ट उद्धेश्य तर्फ संस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

**१८. संस्थाको कार्यः**

१) निरीक्षण तथा अनुगमन गर्दा ऐनले तोकेको कार्यहरु सम्पादन गर्ने तर्फ संघ÷संस्था लक्षित छ, छैन हेर्नु पर्दछ । सहकारी ऐन, २०७४ को दफा १६ बमोजिम सहकारी संस्थाका कार्यहरु यस प्रकार रहेकाछनः

क) सहकारी मूल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्नेगराउने ।

ख) सदस्य र आफ्नो ब्यवसायको हित प्रवद्र्धन तथा सोको बजारीकरण गर्ने, गराउने ।

ग) सदस्यलाई शिक्षा, तालीम र सूचना प्रदान गर्ने तथा सदस्य संस्था÷संघमा सुशासन प्रवद्र्धन गर्ने गराउने ।

घ) संस्था वा संघले गर्ने उत्पादन तथा सेवाका मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम ब्यवस्थापन सम्वन्धि काम गर्ने

ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने ।

च) संस्थाको ब्यवसायिक प्रवद्र्धन तथा विकास सम्वन्धी कृयाकलापहरु संचालन गर्ने ।

छ) मन्त्रालय, रजिष्ट्रार, प्रदेश स्थानीय तह वा कार्यालयको निर्देशन पालना गर्ने

ज) विनियममा उल्लेखित कार्यहरु गर्ने

झ) निरीक्षण तथा अनुगमन गर्दा विनियमले तोकेको विशिष्ट कार्य सम्पादन तर्फ संघ÷संस्था लक्षित छ, छैन हेर्नु पर्दछ ।

**१९. संस्थाको सदस्यताः**

१) सहकारी ऐन, २०७४ को दफा २० अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोबास भएको, कम्तीमा एक शेयर खरिद गरेको, विनियमका शर्त पालना गर्न मन्जुर गर्ने, संस्थागत जिम्मेवारी पालना गर्न मन्जुर गर्ने र प्रतिस्पर्धि कारोवारमा संलग्न नरहेको, १६ बर्ष उमेर पुरा गरेको नेपाली नागरिक सदस्य बन्न सक्दछ । निरीक्षण तथा अनुगमनकर्ताले संस्थाको सदस्यता सम्वन्धमा उल्लेखित शर्तहरु पुरा भए नभएको हेर्नु पर्दछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार (संघ, प्रदेश र स्थानीय तह) का निकायहरु, सहकारी तथा सामुदायिक विद्यालय, स्थानीय गुठी, क्लव, गैर नाफामूलक संस्था, उत्पादन एवम् सेवामूलक संघ÷संस्था, उपभोक्त समुहहरु समेत सहकारी संस्थाको सदस्य बन्न सक्नेछन ।

३) एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था अनुसार भए नभएको हेनुपर्दछ ।

४) निरीक्षण तथा अनुगमनकर्ताले उपदफा (१), ९२) र (३) मा उल्लेखित सदस्यता सम्वन्धी विवरणको साथै संस्थाको विनियममा उल्लेखित सदस्यताका शर्त तथा योग्यता र सदस्यको काम, कर्तब्य र अधिकार बमोजिम भए नभएको समेत हेर्नु पर्दछ ।

५) निरिक्षण तथा अनुगमनमा संस्थाको सदस्यता वृद्धिको अवस्था हेर्नुपर्नेछ ।

**१९. भौगोलिक कार्यक्षेत्रः** सस्थाको कार्यक्षेत्रको सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः
विनियमानुसार कार्यक्षेत्रभित्र सदस्यता र कारोवार भए नभएको ।

**२०. साधारण सभाः** सस्थाको साधारण सभाको ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

१) तोकिएको समयभित्र बार्षिक साधारण सभा सम्पन्न भए नभएको ।

२) साधारण सभामा सदस्यहरूको उपस्थिति प्रतिशत ।

३) दुई हजार भन्दा बढी सदस्य भएको संस्थाको हकमा सहकारी ऐनको दफा २९ को उपदफा ६ र सहकारी नियमावली २०७८ को नियम १४ अनुसार भए नभएको ।

**२१. संचालक समितिः** सस्थाको संचालक समिति ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

१) समितिमा उपलब्ध भएसम्म ३३ प्रतिशत महिला भए नभएको ।

२) एउटै परिवारभित्रका एक भन्दा वढी ब्यक्ति समितिमा भए नभएको ।

३) समितिमा अर्को कुनै संस्थाको संचालक भए नभएको ।

४) समितिको कार्यावधी सकिएपछि निर्वाचन भए नभएको ।

५) संस्थाको समितिको वैठक ४५ दिनभित्र बसे नबसेको ।

६) संस्थाको समितिको वैठकमा उपस्थितिको अवस्था, निर्णयको कार्यान्वयन तथा प्रगति समिक्षाको अवस्था

७) समिति उपसमितिको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन अवलोकन भ्रमण, गोष्ठी लगायतमा सहभागिता भए नभएको ।

**२२. लेखा तथा सुपरीवेक्षण समितिको ब्यवस्थाः**

१) संस्थाको लेखा सुपरीवेक्षण समितिको ब्यवस्था सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम भए नभएको हेर्नु पर्दछः

क) सहकारी संस्थाको नियमित आन्तरिक सुपरिवेक्षण गरे नगरेको ।

ख) समितिमा नियमित सुझाव पेश गरे नगरेको ।

ग) बार्षिक प्रतिवेदन साधारण सभामा पेश गरे नगरेको ।

२) सहकारी संस्थामा स्वनियमन प्रवद्र्धन गरी सुशासन कायम गर्न सहकारी ऐन, नियमावलि र संस्थाको विनियममा व्यवस्था भए अनुसार चौमासिक रुपमा लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखा परिक्षण गरी संस्थामा अनूसूची ४ को ढाचामा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

३) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी दिइएका सुझावहरु कार्यान्वयन गर्नु गराउनु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**२३. आन्तरिक लेखा परिक्षण सम्वन्धी व्यवस्थाः**

क) ठूला कारोवार गर्ने संस्थाले आन्तरिक लेखापरिक्षक नियूक्त गरी लेखापरिक्षण गराएनगराएको समेत हेर्नु पर्छ ।

ख) आन्तरिक लेखापरिक्षकले दिएका सुझावहरु कार्यान्वयनको अवस्था

## परिच्छेद-८
## निरीक्षण तथा अनुगमन प्रतिवेदन र सुझाव

**२४. प्रतिवेदन दिनुपर्नेः**

१) निरिक्षण तथा अनुगमनमा संलग्न कर्मचारीले अनुगमन सम्पन्न भए पश्चात १५ दिनभित्र विस्तृत रूपमा प्रतिवेदन तयार गरी व्यवस्थापनमा पेश गर्नुपर्नेछ ।

२) यसरी तयार भएको प्रतिवेदनलाई व्यवस्थापनको राय लिई अनुगमनकर्ताले सम्बन्धित संस्थालाई सुधार गर्नुपर्ने भए सो समेत उल्लेख गरी १ महिना भित्र गाउँपालिकाको सम्वन्धित शाखा मार्फत पठाउनुपर्नेछ । प्राप्त सुझावको कार्यान्वयन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

३) गाउँपालिकाद्वारा दिईएको सुझाव वा निर्देशन सम्बन्धित संस्थाले कार्यान्वयन नगरेको पाइएमा स्थितिको गाम्भिर्यता हेरी सम्वन्धित शाखाले रजिष्ट्रार वा दर्ता अधिकारीलाई कार्यवाहिको सिफारिश गर्नुपर्नेछ ।

४) सहकारी संस्थाको अनुगमन प्रतिवेदनलाई एकिकृत गरी मासिक, चौमासिक एवं वार्षिक प्रतिवेदन बनाउने जिम्मेवारी अनुगमनमा खटिएका अधिकृत कर्मचारीको हुनेछ ।

५) अनुगमन गरिएका संस्थाहरूको फाइलहरू सुरक्षित र गोप्य राख्नु अनुगमनकर्ताको कर्तव्य हुनेछ ।

६) अनुगमन गर्नुपूर्व गाउँपालिकाले सम्बन्धित संस्थालाई मौखिक वा लिखित जानकारी गराउनु पर्नेछ ।

७) सहकारी संस्थाले अनूसूची ३ को ढाचामा मायादेवी गाउँपालिकामा आफ्नो कारोवारको नियमित रुपमा प्रतिवेदन पठाउनु पर्ने छ ।

## परिच्छेद-९
## विविध

**२५ निर्देशिका संसोधन र परिमार्जनः**

१) यो निर्देशिका संशोधन र परिमार्जन गर्नु परेमा मायादेवी गाउँकार्यापालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक थपघट सशोधन गर्न सक्नेछ ।

२) यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यापालिकामा निहित हुनेछ ।

३) यो निर्देशिकाका बुदाहरू मायादेवी गाउँपालिका सहकारी ऐन २०७४ र नियमावली २०७८ सँग बाँझिन गएमा वाँझीएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूचि – १

**सहकारी संस्थाको अनुगमन तथा निरीक्षण फारम**

क. संस्थाको आधारभूत विवरण

१. संस्थाको नामः

२. ठेगानाः

३. दर्ता मितिः ४. दर्ता नं.

५. दर्ता गर्ने निकायः

६. प्यान नं.

७. संस्थाको प्रकार/प्रकृतिः

८. कार्य क्षेत्रः क) वडा नं. ख) स्थानीय तहः

९. सेवा केन्द्रहरूः

१०. सम्पर्क विवरणः

क) कार्यालय फोनः ख) प्रमुख कार्यकारी/व्यवस्थापकः

ग) इमेलः घ) वेबसाइटः

११. सुशासन तथा संस्थागत व्यवस्थापन

१) . साधारण सभा क)पछिल्लो साधारण सभा मितिः

ख) जम्मा सदस्य संख्याः महिला पुरुष संस्थागत

ग) उपस्थिति प्रतिशतः .......... %

२) . सञ्चालक समिति

क) निर्वाचन मितिः ..................

ख) कुल सदस्य संख्याः ....... महिलाः ...... पुरुषः .....

ग) बैठक संख्याः ........ उपस्थिति दरः ........ %

३) सञ्चालक समिति विवरण

| क्र.सं. | नाम | पद | योग्यता | तालिम | सम्पर्क |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. लेखा तथा सुपरीवेक्षण समिति

| क्र.सं. | नाम | पद | योग्यता | तालिम | सम्पर्क |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

क) बैठक संख्याः .....    ख) साधारण सभामा प्रतिवेदन पेशः भए/ नभएको

५. अन्य समिति (भएमा)

| क्र.सं. | समितिको नाम | सदस्य संख्या | | बैठक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. रणनीतिक व्यवसायिक योजना तथा कार्यक्रमको अवस्था (छ/छैन चिन्ह लगाउनुहोस

क) वार्षिक कार्यक्रम तथा बजेट तयार

ख) दीर्घकालीन रणनीतिक योजना तयार

ग) व्यवसायिक योजना तयार

घ) वार्षिक कार्ययोजना स्वीकृत तथा लागू

१३. मानव संसाधन विवरण

| क्र.सं. | पद | श्रेणी | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | व्यवस्थापक | | | |
| २ | प्रशासन | | | |
| ३ | सहयोगी कर्मचारी | | | |
| ४ | चालक | | | |
| ५ | अन्य | | | |

१४. आर्थिक अवस्था

| क्र.सं. | विवरण | आ.ब. | आ.ब | कैफियत |
|---|---|---|---|---|
| | शेयर पुंजी | | | |
| | बचत तथा ऋण कारोबार | | | |

| | | | | |
|---|---|---|---|---|
| | बचत/निक्षेप | | | |
| | साधारण<br>नियमित | | | |
| | आवधिक | | | |
| | ऋण विवरण | | | |
| | कर्जा लगानी रकम | | | |
| | कर्जाका प्रकार क) आयमलक तथा उत्पादनमूलक रु | | संख्या | |
| | ख) घरयासी रु | | संख्या | |
| | कुल सम्पत्ति | | | |
| | जगेडा कोष | | | |
| | खुद नाफा/नोक्सान | | | |
| | लाभांश वितरण<br>प्रतिशत | | | |
| | व्याजदर | बचतः......... % | ऋणः ...... % | |

१५. सम्पत्ति व्यवस्थापन

स्थिर सम्पत्ति परीक्षण (भएको छ (√) छैन (X) लगाउनुहोस

१) सम्पत्ति अभिलेख राखिएको

२) भौतिक परीक्षण गरिएको

३) ह्रासकट्टी लागू गरिएको

४) मर्मत सम्भार गरिएको

५) खरिद स्वीकृति प्रक्रिया पालना गरिएको

सम्पत्ति विवरण

जग्गा क्षेत्रफलः ..... भवन क्षेत्रफलः .......

सवारी साधनः ....... मेसिन/उपकरणः ............

१६. वित्तीय नियन्त्रण तथा बैंक व्यवस्था (भएको छ (√) छैन (X) लगाउनुहोस

क) नगद व्यवस्थापन प्रणाली पर्याप्त ख) दैनिक नगद मिलान हुने

ग) बैंक मिलान नियमित घ) बैंक विवरण समीक्षा हुने

ङ) संयुक्त हस्ताक्षर प्रणाली लागू च) नगद/सम्पत्ति बीमा गरिएको..........

१७ . ऋण व्यवस्थापन तथा अनुपालन

क) ऋण कार्यविधि स्वीकृत ख) ऋण स्वीकृति अधिकार निर्धारण

ग) आवश्यक कागजात सुरक्षित ग) धितो सुनिश्चित

घ) ऋण अनुगमन हुने ङ) बक्यौता असुली प्रक्रिया लागू
च) समान ब्याजदर नीति कायम.......

१८. लेखा तथा अभिलेख व्यवस्थापन राखिएको (✓)छैन (X) लगाउनुहोसः
क) सदस्य दर्ता किताब ख)नगदी किताब ग) शेयर दर्ता किताब घ) ऋण खाता
ङ) सम्पत्ति दर्ता च) बैठक माइन्युट छ) वित्तीय विवरण ज)अभिलेख ब्याकअप (डिजिटल/भौतिक)

१९. लेखापरीक्षण तथा प्रतिवेदन
क) आन्तरिक लेखापरीक्षणः भए/नभएको ख) बाह्य लेखापरीक्षण सम्पन्नः भए/नभएको
ग) कानूनी समयसीमा पालनाः भए/नभएको घ)लेखापरीक्षक साधारण सभाबाट नियुक्तः भए / नभएको
ङ) लेखापरीक्षण सुझाव कार्यान्वयनः भए / नभएको च) पछिल्लो लेखापरीक्षण आर्थिक वर्षः ..........

२०. कानुनी तथा नियामकीय अनुपालन (भएको छ (√) छैन (X) लगाउनुहोस
क) नियामक अधिकारी समक्ष नियमित प्रतिवेदन पेश ख) वार्षिक प्रतिवेदन पेश
ग) वित्तीय विवरण पेश घ) आवश्यक कोषहरू कायम ङ)सहकारी ऐन तथा नियम पालना.........

२१. संस्थागत कार्यसम्पादन
क) स्रोतको प्रभावकारी उपयोग ख)बजेट अनुसार कार्यान्वयन ग) पारदर्शिता कायम
घ) सदस्य सेवा प्रभावकारी ङ) जोखिम अनुगमन प्रणाली लागू.......

२२. निरीक्षकको अवलोकन
मुख्य निष्कर्षः
जोखिम क्षेत्रः........
सुझावहरूः.....

| संस्थाका अध्यक्ष वा व्यवस्थापकको | अनुगमनकर्ता |
|---|---|
| नामः ............................ | नामः .......................................... |
| हस्ताक्षरः ...................... | हस्ताक्षरः ............................ |
| छापः .......................... | मितिः ............................ |

अनुसूची २

## निरीक्षण तथा अनुगमन प्रतिवेदनको ढांचा

| क्र.सं. | अनुगमन गरिएका संस्थाको विवरण | ऐन, नियम र विनियम पालना | सदस्यले प्राप्त गरेको सेवासुविधा | सदस्य सहभागिता | कोष परिचालन र वित्तीय अवस्था | देखीएका कैफियत र दिइएका सुझाव |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूचि-३

## संस्थाले नियमनकारी निकायमा पेश गर्नु पर्ने मासिक विवरण सम्बन्धी नमूना फारमको ढाँचा

सहकारी संघ/संस्थाको नामः

ठेगानाः सम्पर्क नं. (रू हजारमा)

| क्र.सं. | विवरण | संख्या | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेयर पुँजी | | | | |
| २ | जगेडा कोष | | | | |
| ३ | अन्य कोषहरु | | | | |
| ४ | कुल बचत रकम | | | | |
| | ४.१ गत आ.ब. को बचत बाँकी | | | | |
| | ४.२ बचत संकलन | | | | |
| | ४.३ बचत फिर्ता | | | | |
| | ४.४ फिर्ता गर्न बाँकी बचत | | | | |
| ५ | लिएको ऋण | | | | |
| | ५.१ लिएको ऋण | | | | |
| | ५.२ तिरेको ऋण | | | | |
| | ५.३ तिर्न बाँकी ऋण | | | | |
| ६ | दायित्व हिसाब | | | | |
| ७ | अन्य दायित्व | | | | |
| | जम्मा दायित्व | | | | |
| १ | नगद मौज्दात | | | | |
| २ | बैकं मौज्दात (मुद्दती र आवधिक निक्षेप समेत) | | | | |
| | १.१ "क" वर्गको वैंक तथा वित्तीय | | | | |
| | १.२ "ख" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.३ "ग" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.४ "घ" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.५ सहकारी वैंक,सहकारी संघ.......... | | | | |
| ३ | लगानीः | | | | |
| | ३.१ मुद्धति हिसाव | | | | |
| | ३.२ शेयर लगानी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.३ व्यापारिक लगानी | | | | |
| ४ | सदस्यहरूलाई गएको कर्जा/ऋण | | | | |
| | ४.१ गत आ.व.को लगानीमा रही रहेको | | | | |
| | ४.१.१ भाखा ननाघेको | | | | |
| | ४.१.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | ४.१.३ एक वर्षभन्दा वढी भाखा नाघेको | | | | |
| | ४.२ यस वर्ष ऋण लगानी | | | | |
| | ४.३ ऋण असुली | | | | |
| | ४.४ असूल गर्न बाँकी ऋण | | | | |
| | ४.४.१ भाखा ननाघेको | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यापार/ब्यावसाय | | | | |
| | हायरपर्चेज (उधारो खरीद) | | | | |
| | कृषि/उद्योग | | | | |
| | एक वर्षसम्म भाखा नाघेको | | | | |
| | घरजग्गा खरीद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| | एक वर्ष भन्दा वढी भाखा नाघेको | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| ५ | असूल गर्न बाँकी ब्याज | | | | |
| ६ | स्थिर सम्पत्ति | | | | |
| | ६.१ घरजग्गा | | | | |
| | ६.२ फर्निचर | | | | |
| | ६.३ सवारी | | | | |
| | ६.४ अन्य | | | | |
| ७ | अन्य सम्पत्ति | | | | |
| | कूल सम्पत्ति | | | | |
| १ | आम्दानीः | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १.१ कर्जाबाट ब्याज आम्दानी | | | | |
| | १.२ अन्य आम्दानी | | | | |
| २ | खर्च | | | | |
| | २.१ बचतमा ब्याज खर्च | | | | |
| | २.२ कर्जाको लागि जोखिम ब्यवस्था | | | | |
| | २.२.१ भाखा ननाघेको | | | | |
| | २.२.२ एक वर्षससम्म भाखा नाघेको | | | | |
| | २.२.३ एक वर्षभन्दा वढी भाखा नाघेको | | | | |
| | २.३ अन्य संचालन खर्च | | | | |
| | २.४ खराव ऋण अपलेखन | | | | |
| | २.५ कर्मचारी खर्च | | | | |
| ३ | खूद नाफा/नोक्सान | | | | |
| १ | बचत गर्ने सदस्य संख्याः | | | | |
| | १.१ ब्यक्तिगत सदस्य | | | | |
| | १.२ संस्थागत सदस्य | | | | |
| २ | बचत ब्याज दरः | | | | |
| | २.१ न्यूनतम | | | | |
| | २.२ अधिकतम | | | | |
| ३ | सदस्य संख्या | | | | |
| | ३.१ पुरूषः | | | | |
| | ३.२ महिलाः | | | | |
| | ३.३ जम्माः | | | | |
| ४ | ऋण असुली | | | | |
| | ४.१ भाखा ननाघेको | | | | |
| | ४.२ भाखा नाघेको | | | | |
| ५ | लगानीमा रहिरहेको | | | | |
| | ५.१ घर जग्गा | | | | |
| | ५.२ ब्यापार ब्यावसाय | | | | |
| | ५.३ हायरपर्चेज | | | | |
| | ५.४ कृषि उद्योग | | | | |
| | ५.५ अन्य | | | | |
| ६ | कर्मचारी संख्या | | | | |
| | ६.१ पुरूषः | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६.२ महिलाः | | | | |
| | ६.३ कार्यालयः | | | | |
| | ६.४ जम्माः | | | | |

हस्ताक्षर ............
कार्यकारी प्रमुख/अध्यक्षको नाम

अनुसूचि-४

**लेखा सपरिवेक्षण समितिद्वारा गरिने आन्तरिक निरिक्षण/सुपरिवेक्षण प्रतिवेदनमा समेटिनु पर्ने विषयहरु**

........................................सहकारी संस्था लि. ..................................

१. सञ्चालक समितिको वैठक तथा निर्णयहरुः

१.१ सञ्चालक समितिको वैठक अवधि

क) मासिक ख) त्रैमासिक ग) आवश्यकता अनुसार

१.२ वैठक बस्ने अवधि विनियम सम्मत छ/छैन ।

१.३ सञ्चालकको उपस्थिति वार्षिक औषतमा कति छ?........ प्रतिशत

१.४ विनियम वमोजिम गणपूरक संख्या पुरा गरी वैठक वसेको छ/छैन ।

१.५ वैठकमा असहमत विचारलाई रेकर्ड गर्ने गरिएको छ/छैन ।

१.६ वैठकका प्रस्तावहरू अग्रिम रुपमा संचालकहरुलाई प्रेषण गर्ने गरिएको छ/छैन ।

१.७ लेखा सुपरिवेक्षण समितिले दिएको सुझाबहरु सञ्चालक समितिमा छलफल भई कार्यान्वयन गरेको छ/छैन ।

२. लेखा तथा वित्त व्यवस्थापन सम्बन्धि परीक्षण

२.१ सहकारी ऐन,नियम र विनियम बमोजिमका खातापाताहरू राखिएको छ/छैन ।

२.२ मूख्य मूख्य कारोवारहरुका सहायक खाताहरूको प्रयोग गरिएको छ/छैन ।

२.३ दोहोरो लेखापालन प्रणाली वमोजीम हिसाब किताब राखिएको छ/छैन ।

२.४ लेखाको प्रविष्टी तोकिएको सफट्वेयरमा सुरक्षित राखिएको छ/छैन ।

२.५ बैक हिसाब भिडान गर्ने कार्य मासिक रुपमा गरिएको छ/छैन ।

२.६ आयकर तथा अग्रीम करकट्टी कटौती गरी समयमा कर कार्यालयमा पेश गरेको/वुझाएको छ/छैन ।

२.७ स्वीकृत वजेट भन्दा बढी खर्च भएको छ/छैन ।

२.८ विल भौचरहरुमा कत्तिको पुष्टाइका कागजातहरु संलग्न गर्ने गरिएको छ ।

२.९ विल भौचरहरुको तैयारी,समर्थन तथा स्विकृति अख्तियार प्राप्त अधिकारीवाट भएकोछ छैन ।

२.१० पाउनुपर्ने र दिनुपर्ने हिसाव नियमित रुपमा कत्तिको मीलान गरिएको छ?

२.११ बैक खाता र अन्य सम्बन्धीत खाताहरु नियमित रुपमा मिलान गरिएको छ छैन?

२.१२ संस्थाले नियमित रुपमा वचत दायित्व तथा ऋण लगानीको जोखीम आंकलन गर्ने गरेको छ/छैन?

३. सञ्चालक समिति र साधारण सभाको निर्णय

३.१ सञ्चालक समितिबाट ऐन,नियम, निर्देशन अनुसार तोकिएको अवधिमा साधारण सभा वोलाइएको छ/छैन ।

३.२ सञ्चालक समितिको निर्णयहरू सहकारी ऐन, नियम, निर्देशन तथा विनियम बमोजिम छ/छैन ।

३.३ सञ्चालक समितिका निर्णयहरूले साधारण सभाको सर्वोच्चतालाई संकुचित गरेको छ/छैन ।

३.४ सञ्चालक समितिका कस्ता कस्ता निर्णयहरू साधारण सभावाट अनुमोदन वा स्विकृत गरिएका छन।

कार्यविधिहरु (कर्मचारी प्रशासन,आर्थिक प्रसासन, वचत तथा ऋण, व्यवसाय प्रवद्र्धन,अन्य..........)

व्यवसायिक नीति/ निर्णय

वार्षिक कार्यक्रम तथा वजेट

३.५ साधारण सभावाट पछि अनुमोदन गर्ने गरी सञ्चालक समितिवाट निर्णय भएको छ/छैन ।

३.६ ऐन अनुसार सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति समावेशी छ, छैन ।

४. सहकारी सिद्वान्त र ऐन, नियम, निर्देशिका तथा विनियम परिपालनाको अवस्था

४.१ सहकारीका ७ सिद्धान्त प्रतिकूल सञ्चालक समितिवाट निर्णय भएको छ/छैन ।

४.२ तर्जुमा गरिएका नीति, नियम, योजना सहकारी सिद्वान्त अनुकूल छन्/छैनन् ।

४.३ संस्थाका काम कारवाहीहरु विद्यमान ऐन,नियम,निर्देशिका, विनियम र कार्यविधिहरु सम्मत भएका छन्/छैनन् ।

४.४ संस्थाले अभियान वा संस्था आफैले जारी गरेको सहकारी आचार सहिता तथा संस्थागत संस्कार स्विकृत जारी गरेको गरेको छ/छैन ।

४.५ अभियान वा संस्था आफैले जारी गरेको सहकारी आचार सहिता तथा संस्थागत संस्कार सम्पूर्ण संचालक तथा कर्मचारीले पालना गरेका छन्/छैनन् ।

४.६ नियमनकारी निकाय वा माथिल्लो संघवाट अनुगमन निरिक्षण गरिएको छ छैन?

४.७ नियमनकारी निकाय वा माथिल्लो संघवाट गरिएको अनुगमन निरिक्षण कार्यान्वयनको अवस्था कस्तो छ?

५. संघ संस्थाका काम कारवाहीमा सदस्यहरुको पहुँचः

५.१ सदस्यले मागेको वखत नियमानुसार संघ संस्थाका काम कारवाहीको विवरण प्राप्त गर्न सक्छन्/सक्दैनन् ।
५.२ सूचना माग गर्ने सदस्यको अधिकार सङ्कुचित गरिएको छ/छैन ।
६. सहकारी शिक्षा र तालिम
६.१ शिक्षा कोषमा छुट्याइएको रकमवाट सदस्यलाई सहकारी शिक्षा वा तालिम दिइएको छ/छैन ।
६.२ शिक्षा तथा तालिम प्रदान गर्ने कुनै नीति तथा कार्यक्रम र वजेट छ/छैन ।
६.३ शिक्षा तथा तालीम कार्यक्रममा सदस्यहरुको पहूँच कत्तिको छ ।
७. साधारण सभाको वैठक र निर्णय सम्वन्धीः
७.१ साधारण सभा बस्नु पूर्व सदस्यहरुलाई प्रस्ताव एवं प्रस्ताव/प्रतिवेदन सहितको विवरण पत्राचार गरिएको छ/छैन ।
७.२ ऐन,नियम बमोजिम गणपूरक संख्या पुर्याइ साधारण सभा गरिएको छ/छैन ।
७.३ साधारण सभाका प्रस्तावहरु उपर पर्याप्त छलफल भएको छ/छैन ।
७.४ साधारण सभाका निर्णयहरू कुन विधिवाट हुने गरेकाछन् । (सर्व सम्मत दुई तिहाइमत, वहुमत,...)
७.५ साधारण सभामा असहमत सदस्यहरूको धारणा वा फरक मतको रेकर्ड गर्ने गरिएको छ/छैन
७.६ साधारण सभाको निर्णय पुस्तिकाको प्रमाणित को वाट गरिएको छ ।
७.७ सस्थाका माइन्युटहरु कोसंग राखीन्छन्।
८. नीति योजना, कार्यक्रम र वजेट
८.१ वार्षिक नीति, कार्यक्रम तथा वजेट आ. व. अगावै तर्जुमा गरी ंसंस्था सञ्चालन गरिएको छ/छैन।
८.२ साधारण सभाद्वारा वार्षिक नीति, कार्यक्रम तथा वजेट स्विकृत गर्ने गरिएको छ/छैन ।
८.३ व्यवसायिक एवं रणनीतिक योजनाका आधारमा सस्था सञ्चालन गरिएको छ/छैन ।
८.४ कार्यजिम्मेवारी र कार्ययोजनाका आधारमा संस्थाका कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने गरिएको छ/छैन ।
८.५ संस्थागत कार्यप्रगतिको अर्धवार्षिक एवं वार्षिक समिक्षा गरिएको छ/छैन ।
८.६ व्यवसायिक एवं रणनीतिक योजनाको आवधिक समिक्षा गर्ने गरिएको छ/छैन ।
८.७ वजेट तथा कार्यक्रम तर्जुमा उपसमिति गठन गरी कार्यसम्पादन गरिएको छ/छैन ।
९ सम्पत्ति सुद्दिकरण निवारण तथा सूचना व्यवस्थापन
९.१ बक्यौता असुलिको प्रयास के कस्तो छ।
९.२ भ्याट विल तथा नगदि रसिदको प्रयोग के कसरी गरिएको छ ।
९.३ कुन सफ्टवेयरको प्रयोग गरिएकोछ , प्रयोगको अवस्था कस्तो छ ।
९.४ सम्पत्ति सुद्धिकरण तथा निवारण कार्यविधि तर्जुमा गरिएको छ छैन ।
९.५सम्पत्ति सुद्धिकरण तथा निवारण कार्यविधिले तोके अनुसारका व्यवस्थाहरु कार्यान्वयन गरिएको छ/छैन।
९.६ GOAML प्रयोग गरिएको छ/छैन ।
९.७ कोपोमिसमा विविरण प्रविष्टीको अवस्था

९.८ लगवुकको व्यवस्थापन तथा प्रयोगको अवस्था

१०. बचतको विवरण

| क्र.सं. | वचतको किसिम | रकम | व्याजदर प्रतिशत | कैफियत |
|---|---|---|---|---|

११. बजेट कार्यान्वयनको अवस्था

क) आम्दानी तर्फ

| क्र.सं. | शिर्षक | प्रक्षेपित आम्दानी रकम (त्रैमासिक) | वास्तविक आम्दानी | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|

१२. खर्च तर्फ (सोहि अवधिमा)

| क्र.सं. | शिर्षक | विनियोजित रकम | वास्तविक खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|

१३. लक्ष्य तथा उपलब्धि

| विवरण | वृद्धि लक्ष्य | हालको उपलब्धि | वृद्धि लक्ष्य हासिल | उपलब्धि हासिल गर्न नसकेको अंक | उपलब्धि हासिल गर्न नसकेको कारण |
|---|---|---|---|---|---|
| | | | | | |

१४. भौचर परीक्षणको नतिजा

| क्र.सं | मिति र भौचर नं | जोखिम | रकम | शिर्षक | कमजोरीहरु | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१५. स्टेशनरी मौज्दात परीक्षण

| क्र.सं | सामानको नाम | हुनुपर्ने संख्या | भएको संख्या | शिर्षक | कमजोरीहरु | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१६ स्थीर सम्पति सामान परीक्षण

| क्र.सं | सामानको नाम | प्रयोगको अवस्था | सामानको मूल्य | कमजोरीहरु | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | | | | | |

१७. बचतको अबस्था

| क्र.सं | वचतको किसिम | रकम | व्याजदर प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

१८. ऋण लगानी असुलीको अवस्था

| ऋण लगानीका क्षेत्र | ऋणको उद्देस्य | लगानी रकम | व्याज दर | भाखा नाघेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपालन .......................... | | | | | |
| सेवा व्यवसाय ........................ | | | | | |
| अन्य.......... | | | | | |

सुपरिवेक्षक/निरिक्षकको तर्फवाट कुनै सुझाव भए

पेश गर्नेः
पेश गरेको मितिः
संस्थाका तर्फवाट
दस्तखतः
नामः
पदः
मिति

अनुसूचि ५

**पल्स विश्लेषणका सुत्रहरुः**

| क्षेत्र | सूचक | विवरण | लक्षण |
|---|---|---|---|
| | **P0** | लगानीमा रहि रहेको रकमको | १% |
| Protection<br>सुरक्षण | **P1** | ऋण हानीका लागि छुट्टायाईएको रकम=१००<br>१२ महिना बढी भाखा नाघेको ऋण | १००% |
| | **P2** | ऋण हानीका लागि छुट्टायाईएको रकम=१००<br>१२ महिना भन्दा बढी भाखा नाघेको ऋण | ३५% |
| Financial Structure Effective<br>प्रभावकारी वित्तिय संरचना | **E1** | उठ्न बाँकी ऋण=१००<br>कूल सम्पत्ती | ७०-८०% |
| | **E2** | जम्मा बचत=१००<br>कूल सम्पत्ती | ७०-८०% |
| | **E3** | बाह्य ऋण=१००<br>कूल सम्पत्ती | ५% |
| | **E4** | शेयर पूँजी=१००<br>कूल सम्पत्ती | १०-२०% |
| | **E5** | संस्थागत पूँजी=१००<br>कूल सम्पत्ती | न्यूनतम् १० % |
| Assets Quality<br>सम्पत्तिको गुणस्तर | **A1** | कुल भाखा नाघेको ऋण=१००<br>उठ्न बाँकी ऋण | ५% भन्दा कम |
| | **A2** | प्रतिफल आर्जन नगर्ने सम्पत्ति=१००<br>कुल सम्पत्ति | ५% भन्दा कम |
| | **A3** | संस्थागत पुँजी=१००<br>प्रतिफल आर्जन नगर्ने सम्पत्ति | ५% भन्दा कम भएमा |
| Rate of cost and Returns<br>लागत र प्रतिफल दर | **R1** | तिरेको शेयर लाभांश=१००<br>औसत शेयर पुँजी | बजार मूल्य |
| | **R2** | बचत ब्याज भुक्तानी=१००<br>औसत जम्मा बचत | बजार मूल्य |
| | **R3** | ब्याज आम्दानी=१००<br>औसत ऋण रकम | ब्याज दर बराबर |
| | **R4** | सञ्चालन लागत=१००<br>कुल औसत सम्पत्ति | ५% |
| | **R5** | मोटामोटी नाफा<br>औसत जम्मा सम्पत्ति | संचालन खर्च, जोखिमयुक्त सम्पत्तिको लागि व्यवस्था |

| | | | |
|---|---|---|---|
| | | | तथा संस्थागत पुंजी समेतमा वृद्धि हूने गरी |
| Liquidity<br>तरलता | **L1** | कुल तरल सम्पत्ति=१०० / कूल बचत | १०% |
| | **L2** | संस्थाको नगद=१०० / कूल सम्पत्ति | न्युनतम् |
| Sign of Growth<br>वृद्धिको अवस्था | **S1** | यस वर्षको कुल सम्पत्ति-गत वर्षको कूल सम्पत्ति १०० / गत वर्षको कुल सम्पत्ति | मुल्य वृद्धि दर बराबर |
| | **S2** | यस वर्ष लगानीमा रहिरकेको रकम-गत वर्ष ल.र.र.ह १०० / गत वर्ष लगानीमा रहेको रकम | मूल्य वृद्धि दर |
| | **S3** | यस वर्षको सदस्य संख्या- गत वर्षको सदस्य संख्या=१०० / गत वर्षको सदस्य संख्या | न्यूनतम् १०५ |

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत